लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय रोल्पा

**सूचनाको हक सम्बन्धि ऐन, २०६४, दफा (३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक सूचना- २०८२**
**(दोस्रो त्रैमासिक कार्तिक देखि पुष मसान्त सम्म)**

**क. रोल्पा जिल्लाको संक्षिप्त परिचयः**


लुम्बिनी प्रदेश को १२ जिल्लाहरु मध्ये रोल्पा एक पहाडी जिल्ला हो । विश्व मानचित्रमा यस जिल्ला २८ डि ३८ मिनेट देखि २८ डि ८० मिनेट उत्तरी अक्षांश देखि ८३ डि १० मिनेट देखि ८३ डि ९० मिनेट पुर्वि देशान्तरमा अवस्थित छ । १८७९ वर्ग किमी. क्षेत्रफल भएको जिल्लाको पूर्व पश्चिम ६.७ कि.मी. र उत्तर दक्षिण सरदर २८.०४ कि.मि. रहेको छ । जिल्लाको पूर्वमा बाग्लुङ र प्युठान, पश्चिममा सल्यान उत्तरमा रुकुम र दक्षिणमा दाङ जिल्ला रहेको छ । सरदर तापक्रम ११.८ डि से देखि ३२.५ डि से सम्म हुनाले रोल्पा जिल्ला हावापानीको हिसावले वसोवासका निम्ति लिबाङ सदरमुकाम भएको जिल्लाको जम्मा जनसंख्या २३२,४८० रहेको छ । रोल्पा जिल्लाको सदरमुकाम लिबाङ लुम्बिनि प्रदेशको राजधानी रहेको ठाँउ भालुबाङबाट १०९ की.मी. को दुरिमा रहेको छ ।




नेपालमा परिचित धार्मिक तथा पर्यटकीय स्थल जलजला, थबाङ गॉउपालिकामा अवस्थित रहेको छ भने रोल्पा नगरपालिकाको वडा नं ३ स्थित सातदोबाटोमा रहेको भिउ टावरबाट देखिने रमणिय दृश्यले तथा ढुङगै ढुङगाको रक गार्डेनले सबैलाई मनमोहक पार्दछ । यो बाहेक शिवालय मन्दिर, गुरुङ गॉउ, शिव गुफा, त्रिपुरेश्वरी, भगवती, सुनछहरीको झरना, चुनारे भिर आदि धार्मिक छेत्रहरुको छुट्टै महत्व रहेका छ ।

ख. **निकायको स्वरूप र प्रकृतिः**

रोल्पा जिल्लाको स्वास्थ्य कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार, देउखुरी, दाङको प्रदेश स्थित कार्यालयको रुपमा यो कार्यालय रहेको छ । लुम्बिनी प्रदेश सरकार अन्तर्गत स्वास्थ्य मन्त्रालयको जिल्लाको कार्यक्रम संचालन गर्न स्वास्थ्य निर्देशनालयको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही कार्य गर्न स्वास्थ्य कार्यालय रोल्पाको गठन भएको हो । साविक देखी जिल्लामा जिल्ला स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको संघीय सरकार अन्तर्गतको कार्यालयलाई संघीय संरचना अनुसार प्रदेश कार्यालयको रुपमा स्थापना गरीएको हो । साविकमा जिल्ला स्वास्थ्य कार्यालय रोल्पाले गर्ने कार्यक्रमहरुलाई संचालन निरन्तरता स्वरुप स्वास्थ्य कार्यक्रम खोप तथा परिवार योजना, मातृ शिशु कार्यक्रम, महामारी रोग नियन्त्रण रोकथाम र स्थानिय तहलाई आवश्यक सहयोगको लागि स्वास्थ्य कार्यालयहरुको प्रमुख जिम्मेवारी रहने गरी यस कार्यालयको स्थापना गरिएको हो । कार्यालयको स्वरुप ढाँचा तपशिल अनुसार रहेको छ ।




ग. **कार्यालयको काम ,कर्तब्य र अधिकारः**

यस कार्यालयवाट स्वास्थ्य क्षेत्र संग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको छ । जिल्ला भित्र हुने स्वास्थ्य सरोकारित विषयहरुका यस कार्यालयले समन्वय तथा नियमन हुदै आएको छ । संघीय कार्यक्रमहरु जस्तै परिवार नियोजन वालस्वास्थ्य तथा नियमित खोप कार्यक्रमको संचालन प्रदेश स्तरिय स्वास्थ्य कार्यक्रमहरुको संचालन र स्वास्थ्य सेवा विभाग एवं स्वास्थ्य निर्देशनालय लुम्बिनी प्रदेशवाट प्राप्त निर्देशन अनुसार स्वास्थ्य सम्वन्धी क्षेत्रका वहु आयामिक कार्यहरु यस कार्यालयले सम्पादन गर्दै आएको छ । यस कार्यालयका महत्वपूर्ण उदेश्यहरु तथा कार्यहरु साथै कर्तव्य र अधिकारलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनमा सहयोग गर्ने ।
२. जिल्ला स्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
३. स्वास्थ्यसेवा सम्वन्धी जिल्ला स्तरिय व्यवसायिक र पेसागत संघ संस्थाको नियमन र अनुगमन गर्ने
४. जिल्ला भित्र स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
५. जिल्ला भित्र स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन
६. खोप सेवा संचालनको तोकिएका खोप केन्द्रहरुवाट खोप सेवा संचालनका लागि भ्याक्सिन वितरण र कोल्डचेन ब्यवस्थानप
७. परिवार नियोजन सेवा अस्थाई साधन आपूर्ती तथा भण्डारण
८. परिवार नियोजन सेवा स्थाई बन्ध्याकरण शिविर संचालन
९. सुरक्षित मातृत्व सम्वन्धि कार्यक्रम संचालन र सेवा प्रदान एवं यसै संग सम्वन्धित कार्यक्रमहरुको अनुमगन नियमन गर्ने
१०. वाल स्वास्थ्य तथा पोषण संग सम्वन्धित कार्यक्रम संचालन अनुगमन रेखदेख तथा नियमन

११. औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति तथा HMIS/LMIS तथा विभिन्न फारमहरुको आपूर्ती भण्डारण तथा वितरण

१२. जिल्ला भित्र जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

१३. स्वास्थ्य प्रदायक संस्था फर्म तथा नर्सिङ होमको अनुमगन नविकरण तथा नियमन गर्ने

१४. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन

१५. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम

१६. खानेपानी परिक्षण तथा शुद्दिकरणका कार्यक्रम संचालन गर्ने ।

१७. जनस्वास्थ्य सम्वन्धी जिल्ला भित्रका कार्यक्रम संचालनको लागि प्रदेश तथा निर्देशनालयहरुमा समन्वय गर्ने

घ. **कर्मचारी संख्या र विवरणः**

स्वास्थ्य कार्यालय रोल्पाको स्वीकृत दरवन्दी र कार्यरत जनशक्तीको विवरण तपशिल अनुसार रहेको छ ।

**स्वीकृत दरवन्दी विवरणः**

| सि.नं. | पदको विवरण | सेवा | समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हे.ई. | ७।८ | १ | १ | ० | कार्यालय प्रमुख |
| २ | पब्लिक हेल्थ नर्स | स्वास्थ्य | क.न. | ५।६।७ | १ | १ | ० | |
| ३ | हे.अ. तथा सुपरभाईजर सो सरह | स्वास्थ्य | हे.ई. | ५।६।७ | २ | १ | १ | |
| ४ | तथ्याङ्क सहायक/अधिकृत | प्रदेश प्रशासन | तथ्यांङ्क | ५।६ | १ | १ | ० | |
| ५ | ल्याव टेक्निसियन | स्वास्थ्य | ल्या.टे.नि. | ५।६।७ | १ | १ | ० | |
| ६ | कोल्ड चेन | स्वास्थ्य | हे.ई. | ४।५।६ | १ | १ | ० | |
| ७ | प्रशासन ना.सु. | प्रदेश प्रशासन | सा.प्र. | ४।५ | १ | १ | ० | |
| ८ | लेखा प्रशासन | लेखा | लेखा | ५।६ | १ | ० | १ | |
| ९ | हल्का सवारी चालक | मे.ई. | | श्रेणी विहिन | १ | १ | ० | करार |
| १० | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | २ | २ | २ | ० | १ करार |
| ११ | सरसफाई कर्मी | प्रशासन | सा.प्र. | ० | १ | १ | ० | करार |
| जम्मा | | | | | १३ | ११ | २ | |

**कार्यरत कर्मचारीको नाम थर समेतको विवरणः**

| सि.नं. | पदको विवरण | कर्मचारीको नाम/थर | संकेत नं. | मो.नं. | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जन स्वास्थ्य अधिकृत | श्री माधव राउत | | ९८५७८२६७३१ | ७ | |
| २ | ब.प.हे.न.नि. | श्री सिता कँवर | | ९८५७८४३१५७ | ७ | |
| ३ | ल्या.टे.नि. | श्री जित बहादुर डाँगी | | ९८४४९१८१८२ | ७ | |
| ४ | अधिकृत जनस्वास्थ्य | श्री डिल्ली बहादुर के.सी. | | ९८५७८२५७१७ | ७ | |
| ५ | जन स्वास्थ्य अधिकृत | श्री सन्दिप ढुंगाना | | ९८६७४९८११० | ७ | छात्रवृति करार |
| ६ | अधिकृत तथ्यांक | श्री अरुण भितु उपाध्याय | | ९८५८०२०१२० | ६ | |

③

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | वरिष्ठ प्रशासन सहायक | श्री मनिषा खनाल | | ९८६७३२८५४८ | ५ | |
| ८ | कोल्डचेन असिस्टेन्ट | श्री तपेन्द्र के.सी. | | ९८६८६६४९७५ | ४ | |
| ९ | का.स. | श्री हिरा डाँगी | | ९८६६९०६९९९ | श्रेणी विहिन | |
| १० | ह.स.चा. | श्री जयन्द्र थापा | | ९८४३१९५७०३ | | करारमा |
| ११ | का.स. | श्री फिरोज बुढा | | ९८४६९२३८८१ | | करारमा |
| १२ | का.स. | श्री शिशिर सुवेदी | | ९८६९८७४५०८ | | करारमा |

ङ. **शाखा र जिम्मेवार अधिकारीः**

**यस कार्यालयमा कार्यरत कर्मचारीहरुको शाखा तथा कार्य जिम्मेवारी तपशिल अनुसार रहेको छ ।**

| सि.नं. | पद | कर्मचारीको नामथर | शाखा तथा जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | जन स्वास्थ्य अधिकृत | श्री माधव राउत | कार्यालय प्रमुख | |
| २ | ब.प.हे.न.नि. | श्री सिता कँवर | मातृ तथा नवजात शिशु कार्यक्रम, परिवार योजना कार्यक्रम | |
| ३ | ल्या.टे.नि. | श्री जित बहादुर डाँगी | क्षयरोग कार्यक्रम, मलेरिया, रक्त अल्पता,कुष्ठरोग, खानेपानी परिक्षण, मलेरिया, सरुवा / नसर्ने रोग समेत | |
| ४ | अधिकृत जनस्वास्थ्य | श्री डिल्ली बहादुर के.सी. | खोप कार्यक्रम, पोषण, IMNCI, स्वास्थ्य शिक्षा सूचना संचार समेत | |
| ५ | जन स्वास्थ्य अधिकृत | श्री संदिप ढुंगाना | उपचारात्मक महाशाखा अन्तर्गतका कार्यक्रम | |
| ६ | अधिकृत तथ्यांक | श्री अरुण भितु उपाध्याय | तथ्याङ्क व्यवस्थापन कार्यक्रम, सूचना अधिकारी | |
| ७ | वरिष्ठ प्रशासन सहायक | श्री मनिषा खनाल | दैनिक प्रशासन संचालन / मुख्य स्टोर | |
| ८ | कोल्डचेन असिस्टेण्ट | श्री तपेन्द्र के.सी. | कोल्डचेन तथा औषधी स्टोर / जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम | |
| ९ | ह.स.चा. | श्री जयन्द्र थापा | सवारी चालक | |
| १० | का.स. | श्री हिरा डाँगी | कार्यालय सुरक्षा भण्डारण कक्षहरुको सुरक्षा तथा सहयोग गर्ने | |
| ११ | का.स. | श्री फिरोज बुढा | कार्यालय सुरक्षा भण्डारण कक्षहरुको सुरक्षा तथा सहयोग गर्ने | |
| १२ | का.स. | श्री शिशिर सुदेदी | कार्यालय सुरक्षा भण्डारण कक्षहरुको सुरक्षा तथा सहयोग गर्ने | |

च. **वार्षिक कार्यक्रम तथा योजनाः**

स्वास्थ्य कार्यालय रोल्पाको आ.ब. २०८२।८३ को लागि स्वीकृत कार्यक्रमहरु तथा जिम्मेवार ब्यक्तीहरु कार्यक्रम संचालनको अवस्था तथा दोस्रो त्रैमासिक (कार्तिक,मंसिर र पुष महिनाको) सम्मको प्रगति देहाय अनुसार रहेको छ

| सि.नं. | कार्यक्रम | जिम्मेवार | प्रगतिको अवस्था |
|---|---|---|---|
| १ | उच्च मातृ तथा नवशिशु मृत्यु भएका स्थानीय तहमा समुदायमा आधारित एम पि डी एस आर कार्यक्रम संचालन | **सीता कवंर** | बाँकी रहेको |
| २ | स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम | **सीता कवंर** | संचालनमा रहेको |
| ३ | महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम | **सीता कवंर** | बाँकी रहेको |
| ४ | खोपको पहुंच बढाई छुट वच्चालाई खोप दिलाई पूर्ण खोप सुनिश्चित गर्न वैशाख | **सीता कवंर** | बाँकी रहेको |

(४)

CamScanner

| | | | |
|---|---|---|---|
| | परिचालन | डिल्ली के.सी. | |
| ६ | स्वास्थ्य सामाग्री औषधीहरुको स्टक तथा ढुवानी | तपेन्द्र के.सी. | संचालनमा रहेको |
| ७ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण तथा ढुवानी | डिल्ली के.सी. | संचालनमा रहेको |
| ८ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | डिल्ली के.सी. | संचालनमा रहेको |
| ९ | स्थानीयतहका स्वास्थ्य शाखा प्रमुख, प्रतिनिधिलगायतको सहभागीतामा पोषणसम्बन्धी समिक्षा, योजना तर्जुमा तथा छलफल | डिल्ली के.सी. | सम्पन्न भएको |
| १० | IMNCI कार्यक्रम | डिल्ली के.सी. | संचालनमा रहेको |
| ११ | उपचारात्मक सेवा सम्वन्धि स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रम | संदिप ढुंगाना | बाकि रहेको |
| १२ | जिल्लाबाट पालिका तथा स्वास्थ्य संस्था स्तरमा खोप, सरसफाई प्रवद्धन कार्यक्रम तथा पूर्णखोप भेरिफिकेसन र दिगोपनाको लागी सहजीकरण, सुपरिवेक्षण एवम् पूर्ण खोप घोषणा सभा व्यवस्थापन खर्च | डिल्ली के.सी | संचालनमा रहेको |
| १३ | जिल्ला स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्धन सम्वन्धि अभिमुखीकरण र दिगोपनाको लागि योजना तयारी गोष्ठी | डिल्ली के.सी | सम्पन्न भएको |
| १४ | HPV खोप कार्यक्रम | डिल्ली के.सी | बाकि रहेको |
| १५ | छुटबच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, | डिल्ली के.सी | बाकि रहेको |
| १६ | स्वास्थ्यका विश्व दिवसहरु मनाउने कार्यक्रम | जित बहादुर डाँगी | संचालनमा रहेको |
| १७ | निशुल्क खानेपानी परीक्षण ,खानेपानी परीक्षण प्रतिवेदन | जित बहादुर डाँगी | बाकि रहेको |
| १८ | कालाजार, डेंगू, चिकनगुनिया, स्क्रब टाइफस, जीका, अन्य ईमर्जिङ रोगहरू साथै किटजन्य रोगनियन्त्रणबारे स्वास्थ्यकर्मी, म.स्वा.से. तथा अन्य सरोकारवालाहरुलाई अभिमूखिकरण/अन्तरक्रिया, | जित बहादुर डाँगी | बाकि रहेको |
| १९ | सरुवा रोग (क्षयरोग, डेंगु आदि) को केश ईन्भेष्टिगेशन तथा कन्ट्याक्टट्रेसिङ | जित बहादुर डाँगी | बाकि रहेको |
| २० | क्षयरोग आधारभूत तथा पुनर्ताजगी तालिम | जित बहादुर डाँगी | सम्पन्न भएको |
| २१ | कुष्ठरोग निवारण तथा अपांगता व्यवस्थापन कार्यक्रम | जित बहादुर डाँगी | बाकि रहेको |
| २२ | जिल्लाबाट पालिका एवं डि.आर उपचार केन्द्र बाट उपकेन्द्र सम्म औषधि, ल्याव सामाग्री तथाअन्य वस्तु ढुवानी, विश्व क्षयरोग दिवस मनाउने, | जित बहादुर डाँगी | संचालनमा रहेको |
| २३ | एच आई भि तथा अन्य रोगहरुको सर्भिलेन्स | जित बहादुर डाँगी | बाकि रहेको |
| २४ | क्षयरोग स्कृनिङ्ग तथा कन्टायक ट्रेसिङ्ग | जित बहादुर डाँगी | बाकि रहेको |
| २५ | महामारीतथा प्रकोप जन्य अवस्थामा वहुपक्षीय निकायहरु वीच समन्वयान्तमक वैठक आर आर टि परिचालन तथा अभिमुखिकरण कार्यक्रम | जित बहादुर डाँगी | बाकि रहेको |
| २६ | बार्षिक प्रगती प्रतिवेदनको छपाई | अरुण भितु उपाध्याय | सम्पन्न भएको |
| २७ | जिल्ला स्तरीय क्षयरोग कोहर्ट विश्लेषण तथा अर्ध बार्षिक समीक्षा गोष्ठी | जित बहादुर डाँगी | सम्पन्न भएको |
| २८ | सामुदायीक विधालयका किशोर किशोरीहरुको रक्तअल्पता परिक्षण तथा व्यवस्थापन | जित बहादुर डाँगी | सम्पन्न भएको |
| २९ | समुदाय स्तरमा कुपोषित बच्चाहरु खोजपड्ताल | डिल्ली बहादुर के.सी. | बाकि रहेको |
| ३० | ८० वर्षपुगेका जेष्ठ नागरीक तथा अतिअशक्त (क र ख) वर्गहरुलाई स्थानिय तह संगको सहकार्यमा घरमै स्वास्थ्य सेवा कार्यक्रम | तपेन्द्र के.सी. | बाकि रहेको |

CamScanner

| | | | |
|---|---|---|---|
| ३१ | मासिकबैठक, अर्धबार्षिक एवं बार्षिक समिक्षा साथै बार्षिक प्रतिवेदन तयारी एवं छपाईसमेत | उपाध्याय | |
| ३२ | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरू साथै स्वास्थ्य संस्थामा डाटा इन्ट्रि गर्ने कर्मचारीहरुलाई परिमार्जित एल एम आइ एस, एच एम आई एस अभिलेख, प्रतिवेदन तथा मासिक अनुगमन पुस्तिका र आइ एम यू समेतको ओरियण्टेशन | अरुण भितु उपाध्याय | सम्पन्न भएको |
| ३३ | स्थानीयतहहरुका स्वास्थ्य प्रमुखहरुका लागि स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरमा मासिक वैठक तथा योजना तर्जुमा | अरुण भितु उपाध्याय | सम्पन्न भएको |
| ३४ | परिवार नियोजन र किशोरकिशोरी स्वास्थ्य सेवा | सीता कवंर | संचालनमा रहेको |
| ३५ | खोप कोल्डचेन सामाग्रिको नियमित मर्मत, आकष्मिक व्यवस्थापन, | संयुक्त | संचालनमा रहेको |
| ३६ | खोप कोल्डचेन व्यवस्थापनको लागि ईन्धन तथा विधुत महशुल भुक्तानि | संयुक्त | संचालनमा रहेको |
| ३७ | नियमितखोप सेवा र आकस्मिक अबस्थामा प्रदेश तथा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोपतथा सरसफाई प्रवर्द्धनसँग सम्बन्धित अन्य सामाग्रीको ब्यवस्थापन, वितरण तथा ढुवानी खर्च | संयुक्त | संचालनमा रहेको |
| ३८ | कोभिड१९ खोप बुस्टर मात्रा समेतको अभियान संचालन तथा व्यवस्थापन खर्च | संयुक्त | सम्पन्न भएको |
| ३९ | प्रदेश उपचार निशुल्क सिफारिस कार्यक्रम | मनिषा खनाल | नियमित संचालनमा रहेको |

छ. **कार्यालयले प्रदान गर्ने सेवा र प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

स्वास्थ्य कार्यालय रोल्पाले प्रदान गर्ने सेवा लाग्ने दस्तुर र अवधि समेतको अवस्थालाई नागरिक वडापत्रमा ब्यवस्था गरी सोही अनुसार कार्यान्वय गरिदै आएको छ ।

ज. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

कार्यालयको नियमित कामकाजको लागि कार्यालय प्रमुखे निर्णय लिने र बजेट खर्च कार्यक्रम संचालन प्रक्रिया स्थान छनौट जस्ता महत्वपूर्ण विषयहरुमा कार्यकलयका कर्मचारीहरुको वैठक र सरसल्लाह अनुसार निर्णय लिईने गरिएको छ । तोकिएका कामहरुको हकमा प्राप्त जिम्मेवारी अनुसार कार्यक्रमहरु संचालन हूदै आएको छ । वजेट खर्चका सम्वन्धमा वजेटको प्रकृति अनुसार कार्यक्रमको फोकल पर्सनहरुवाट उठाईएको टिप्पणी शाखा प्रमुखहरुवाट सिफारिस हूदै कार्यालय प्रमुखवाट सदर भए पश्चात वजेट खर्च हूदै आएको छ ।

झ. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

सेवाग्राहीहरुले कामको प्रकृति अनुसार सेवा लिदा वा सेवा प्राप्त गर्ने प्रकृयामा केही विषयमा अपष्ट भएमा वा कोही कसैले कामकाज सम्पादन गर्दा गरेको ढिलासुस्ती अटेरी वा आईपरेका अन्य समस्याका सम्वन्धमा गुनासो सुन्ने अधिकारी समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयको कामका सम्वन्धमा आएका गुनासा र उजुरीको सत्य तथ्य पत्ता लगाई सो लाई सुधार गर्ने र आगामी दिनमा यस्ता गतिविधि नदोहोरिउन भनि कार्यालय प्रमुखवाटै नियमित रुपमा अनुगमन गर्ने र प्राप्त उजुरी वा गुनासा सुनुवाईको लागि आवश्यक निर्णय लिने गरिदै आएको छ । यसमा कर्मचारीहरुको वैठकवाट गुनासा समाधानका उपायहरु खोजी गरी कार्यान्वय गरिएको पनि छ ।

ञ. **सम्पादन गरेको कामको विवरणः**

आ.व.२०८२/८३ को दोस्रो त्रैमासिक (कार्तिक,मंसिर र पुष महिनाको) मसान्त सम्ममा यस कार्यालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरुलाई यसमा समावेश गरिएको छ ।

क. स्वास्थ्य कार्यालय रोल्पाबाट सम्पादन भएका कार्यक्रमहरु

- क्षयरोग कार्यक्रमको समिक्षा तथा कोहॅट विश्लेषण सम्पन्न ।
- परिवार योजना सेवाको सुदृढिकरण एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- एकिकृत परिवार योजना शिविर कार्यक्रम सम्पन्न ।

- नियमित खोप कार्यक्रम जिल्ला भरी संचालन सम्पन्न प्रत्येक महिना खोप कार्यक्रम नियमित रुपमा संचालन गरिएको ।
- पोषण कार्यक्रमको जिल्ला स्तरीय समीक्षा कार्यक्रम सम्पन्न ।
- IMNCI कार्यक्रमको जिल्ला स्तरीय समीक्षा कार्यक्रम सम्पन्न ।
- विषादी न्युनीकरण कार्यक्रम सम्पन्न ।
- किशोरीहरुको रक्तअल्पता परिक्षण कार्यक्रम सम्पन्न ।
- जिल्ला स्तरीय प्रजनन समन्वय समितिको बैठक सम्पन्न ।
- जिल्लाका विभिन्न स्थानीय तहहरुमा जन स्वास्थ्य अधिकृत छनौट सहजिकरण सम्पन्न ।

ट. **सूचना अधिकारी र प्रमुखको नाम र पदः**

सूचना अधिकारी, गुनासो अधिकारी र प्रमुखको नाम र पद तपशिल अनुसार रहेको छ ।

| सि.नं. | जिम्मेवारी | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | माधव राउत | जन स्वास्थ्य अधिकृत | ९८५७८२६७३१ | कार्यालय प्रमुख |
| २ | गुनासो सुन्ने अधिकारी | जित बहादुर डाँगी | ल्या.टे.नि. | ९८४४९१८१८२ | |
| ३ | सूचना अधिकारी | अरुण V2 उपाध्याय | अधिकृत तथ्यांक | ९८५८०२०१२० | |

ठ. **वार्षिक कार्यक्रम प्रगति सम्वन्धि विवरणः** आ.ब २०८२/८३ मा स्वास्थ्य कार्यालय रोल्पा प्राप्त बजेट (शंघ शर्शत / प्रदेश समानिकरण) बाट प्राप्त भएका कार्यक्रमहरुमा यस दोस्रो त्रैमासिक सम्ममा जम्मा १० वटा कृयाकलापहरु सम्पन्न भई पुष मसान्त सम्ममा हाल सम्मको भौतिक प्रगती २९.१६ % तथा वित्तिय प्रगती २०.०८ % प्राप्त भएको छ ।

ड. **तोकिए वमोजिमका अन्य विवरणः**

- टेलिफोन नं. ०८६-५९४०३३ / ५९४०३४
- Website: https://horolpa.lumbini.gov.np/
- Email. rolpadho@gmail.com / horolpa@lumbini.gov.np
- Facebook: @ Health Office Rolpa
- पत्राचार गर्ने ठेगानाः स्वास्थ्य कार्यालय रोल्पा रेउघा

स्वास्थ्य कार्यालय रोल्पाको गतिविधि: २०८२ कार्तिक देखी २०८२ पुष मसान्त

प्रकाशन मिति: २०८२ माघ १९ गते, सोमवार

सुझावको लागि धन्यवाद

(हस्ताक्षर)

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
रोल्पा



CamScanner